दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २२४ | बुटवल | २०८३ भदौ ०९ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday August 25, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



**गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं**

- कुनै पनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं ।
- सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


# खरानीबाट उठेका उद्यमशील प्रकाश

- विभिन्न व्यवसायमा हात हाल्दा निकै ठुला अवरोह भोगेका उनी ६ करोडको व्यवसाय आगलागीबाट खरानी भएपछि फेरि उठ्दै छन् ।
- दश मेसिनबाट फेरि सुरु भएको भुसालको गार्मेन्ट यात्रा अहिले चार आउटलेटसहित ६० जनालाई रोजगारी दिने अवस्थासम्म पुगेको छ ।

**आचार्य प्रदीप**

*बुटवल*

२०८१ असार ६ गते बुटवल मिलनचोक डेल्टा भवनमा रहेको 'नेपाली लुगा घर' मा आगलागी भयो । व्यवसायी प्रकाश भुसालका लागि त्यो दिन एउटा पसल जलेको दिन मात्र थिएन, वर्षौंको लगानी र व्यवसायिक योजनामा एकैपटक ब्रेक लागेको दिन थियो ।

करिब ६ करोड रुपैयाँ लगानी रहेको व्यवसायमा आगलागी हुँदा भुसालले भौतिक सम्पत्तिसँगै ठूलो आर्थिक दायित्व पनि व्यहोर्नुपर्‍यो । व्यवसाय ऋणमा थियो । कर्मचारीको जिम्मेवारी थियो । परिवारको खर्च थियो । तर आगलागी भएको केही दिनमै उनले फेरि गार्मेन्ट व्यवसाय सुरु गरे । सुरुवातमा थिए जम्मा दस वटा सिलाई मेसिन र पाँच जना कालिगढ । "अब उठ्न त पर्‍यो, हिजो-अस्तिजस्तो प्रकाश भुसाल भएर भएन, म २०६५ सालमा फर्किन चाहन्छु ।"- आगलागीपछिको समय सम्झँदै उनी भन्छन् । दुई वर्षअघि सुरु गरिएको नयाँ गार्मेन्ट व्यवसाय अहिले बुटवलका तीन स्थानमा सञ्चालनमा छ । सुर्खेत र धनगढीसम्म अर्डरअनुसार उत्पादन पुगिरहेको छ । सबै मिलाएर करिब ६० जना कर्मचारी कार्यरत रहेको भुसाल बताउँछन् । तर यहाँसम्म आइपुग्नुअघि उनको व्यवसायिक यात्रा धेरै मोडबाट गुज्रिएको छ ।



**छ महिनामै छुट्टिएको परिवार**

भुसाल जन्मेको छ महिनामै उनका आमाबुबाको सम्बन्धविच्छेद भयो । आमासँग हुर्कने अवसर नपाएका उनी हजुरआमा र बुबाको संरक्षणमा हुर्किए । बुबा व्यवसायमा थिए । गाउँमा प्रारम्भिक पढाइ गरेका उनले कक्षा १ देखि ५ सम्म बोर्डिङ् स्कुलमा पढे । माओवादी द्वन्द्वका क्रममा बोर्डिङ बन्द भएपछि सरकारी विद्यालयमा पढ्न गए । कक्षा आठपछि उनको पढाइ बुटवलमा सुरु भयो । अक्सफोर्ड स्कुलमा कक्षा आठबाट पढ्न थालेका भुसाललाई सुरुमा आफू गाउँबाट आएको र बुटवलका विद्यार्थीभन्दा कमजोर रहेको महसुस हुन्थ्यो । कक्षा नौमा पुगेपछि भने एउटा घटनाले उनको सोच बदलियो ।

अक्सफोर्ड स्कुलका तत्कालीन गणित शिक्षक दिनेश भुसालले कक्षामा गेस्ट पेपरबाट एउटा प्रश्न बोर्डमा लेखे । अगाडि बसेका केही विद्यार्थीले प्रयास गरे, तर समाधान गर्न सकेनन् । भुसाल पछाडि थिए । उनी पनि समाधान गर्न सक्छु भन्नेमा विश्वस्त थिएनन् । तर अन्ततः बोर्डमा गएर प्रश्न हल गरे । त्यो घटनाले उनलाई पढाइप्रतिको दृष्टिकोण बदल्न मद्दत गर्‍यो । "मेहनत नगरेर पो रहेछ, नपढेर पो रहेछ, भोलि सरले जे पढाउनुहुन्छ, त्यो आजै पढ्नुपर्ने रहेछ ।"-उनी सम्झन्छन् । त्यसपछि गणितमा उनको रुचि बढ्यो । कक्षा १० मा पढ्दा उनले कक्षा नौका विद्यार्थीलाई गणित पढाउन थाले ।

पढाइसँगै उनको रुचि व्यवसायमा पनि बढ्दै थियो । कक्षा नौमा नै उनले 'स्टुडेन्ट कम्प्लेक्स'को अवधारणा बनाए । करिब २२ पृष्ठको प्रस्ताव लेखे । बैंकको प्रस्तावनासम्बन्धी पुस्तकबाट सन्दर्भ लिएर उनले व्यवसाय कसरी सञ्चालन गर्ने भन्ने खाका तयार पारे । त्यो प्रस्ताव विद्यालयका प्रिन्सिपललाई देखाए । त्यतिबेला नै व्यवसायप्रति आफ्नो रुचि स्पष्ट भएको उनी बताउँछन् । २०६० सालमा एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि उनी तिलोत्तमा क्याम्पसमा आइएससी पढ्न गए ।

**विद्यार्थीबाट उद्यमी बन्ने बाटो**

आइएससी पढ्दा भुसाल विद्यार्थी नेतृत्वमा पनि सक्रिय भए । क्याम्पसको क्यान्टिनमा खाना गुणस्तरीय नभएको र मूल्य उचित नभएको भन्दै विद्यार्थीको नेतृत्व गरे । उनीहरूको आन्दोलनपछि क्यान्टिन बन्दसमेत भएको भुसाल बताउँछन् । त्यसपछि इञ्जिनियरिङ प्रवेश परीक्षाको तयारी गर्न काठमाडौं पुगे । साथी विवस पराजुलीसँग एउटै कोठामा बसेर केही समय पढे । तर उनको ध्यान बिस्तारै पढाइबाट व्यवसायिक योजनातर्फ मोडियो । काठमाडौंमा धेरै समय नबिताई उनी बुटवल फर्किए । बुटवलमा साथीको घरमा बसेर ट्युसन पढाउन थाले । केही घरबाट शुल्क पाए, एउटा घरले भने तीन महिनाको पढाइको पैसा नदिएको उनी सम्झन्छन् । ट्युसन पढाएर जम्मा गरेको करिब २५ हजार रुपैयाँबाट सात जना साथी मिलेर शिक्षण संस्था सुरु गरे ।

त्यतिबेला बुटवलमा मेडिकल तथा इञ्जिनियरिङ प्रवेश परीक्षाको तयारी गराउने संस्था सीमित थिए । उनीहरूले नमूना परीक्षा, सेमिनार र विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरे । संस्था विस्तार हुँदै चितवन र दाङसम्म पुग्यो । तर भुसालको सोंच संस्थाको तत्कालीन कारोबारभन्दा फराकिलो थियो । उनी दीर्घकालीन शैक्षिक संरचना बनाउने पक्षमा थिए । साझेदारहरू त्यसमा सहमत नभएपछि उनले अलग भएर आफ्नै व्यवसाय सुरु गर्ने निर्णय गरे ।

**तीन लाखबाट युनिफर्म व्यवसाय**

बुटवलमा व्यवस्थित युनिफर्म व्यवसायको सम्भावना देखेर भुसालले नयाँ व्यवसाय सुरु गरे । उनले जम्मा गरेको करिब तीन लाख रुपैयाँ थियो । थप तीन लाख रुपैयाँ भिनाजुबाट लिए । काठमाडौंका आपूर्तिकर्तासँग अग्रिम रकम दिएर सामान ल्याउने व्यवस्था मिलाए । बुटवलमा टिसर्ट, ट्र्याकसुटलगायतका पोसाक विद्यालय युनिफर्मका रूपमा प्रयोग गर्ने अभ्यास उनले सुरु गरे । त्यो व्यवसाय विस्तार हुँदै गयो । तर पुराना व्यवसायीबाट विरोध पनि भयो । "मैले तिमीहरूको बिजनेस चोरेको होइन । तिमीहरूले एउटा सर्ट र पाइन्टमा व्यवसाय गरिरहेका थियौं, मैले त्यसमा अरू उत्पादन थपेर भोलुम बढाएको हुँ ।"- विरोध गर्ने व्यवसायीलाई आफूले त्यतिबेला भनेको भुसाल सम्झन्छन् ।

विरोधका बाबजुद व्यवसाय चल्यो । तर उनको ध्यान फेरि अर्को क्षेत्रमा गयो।नेपालमा उत्पादन नभएको एल्युमिनियम कन्टेनर उत्पादन गर्ने उद्योगको सम्भावना देखेर भुसाल भारत पुगे ।

मेसिन खरिदका लागि भारतीय कम्पनीलाई पाँच लाख रुपैयाँ अग्रिम पठाए । तीन महिनामा मेसिन उपलब्ध गराउने भनिएको थियो । तीन महिना बित्यो, तर मेसिन आएन । समय थपिँदै गयो । दुई वर्षसम्म पनि मेसिन नआएपछि उनले भारतीय कम्पनीविरुद्ध कानुनी बाटो रोजे । नयाँ दिल्लीस्थित साकेत अदालतमा मुद्दा दायर गरे । त्यतिबेला कोभिड पनि सुरु भयो । यात्रामा कठिनाइ थियो । परिवारले सुरक्षा चिन्ता व्यक्त गरे । पैसा छाडेर फर्किन परिवार र आफन्तले सुझाए । तर भुसाल पछि हटेनन् । "म त्यसमा १० वर्ष मुद्दा लडेँ ।" -उनी भन्छन् । अन्ततः मुद्दा जिते । तर मेसिन नआएकाले उद्योग सञ्चालन गर्ने योजना भने अघि बढ्न सकेन ।

त्यसपछि उनी जलविद्युत परियोजनामा जोडिए । करिब २५ मेगावाट क्षमताको परियोजनाको वित्तीय व्यवस्थापनमा काम गरे । सुरुमा परियोजना विस्तार गर्ने योजना बन्यो । लगानीकर्ता जोडिए । सञ्चालक समिति बन्यो । तर बिस्तारै परियोजनाको नियन्त्रण आफ्नो हातबाट बाहिरिएको उनको अनुभव छ । भुसालको शब्दमा, परियोजना 'अपहरण भएजस्तो' भयो । समूहगत विवाद बढ्यो । व्यवस्थापन फेरियो । परियोजनाको लागत बढ्यो । कोभिडका कारण आर्थिक समस्या थपियो । त्यसपछि उनी फेरि कपडा व्यवसायमै फर्किए ।

**६ करोडको नेपाली लुगा घर खरानी बन्यो**

भुसालले आफ्नै लगानीमा 'नेपाली लुगा घर' सञ्चालनमा ल्याए। कुल लगानी करिब ६ करोड रुपैयाँ पुगेको उनी बताउँछन् । त्यसमध्ये करिब एक करोड रुपैयाँ उच्च ब्याजदरमा 'बिजी'मार्फत् जुटाइएको थियो । ब्याजदर मासिक १७-१८ प्रतिशतसम्म रहेको उनको भनाइ छ । व्यवसाय विस्तार भइरहेको थियो ।

त्यसैबिच २०८१ असार ६ गते आगलागी भयो । आगो सुरु भएको करिब दुई घण्टापछि मात्र उनको लुगा घरसम्म पुगेको थियो । त्यस अवधिमा आएका दमकलले प्रभावकारी रूपमा आगो नियन्त्रण गर्न नसकेको उनको दाबी छ । "पहिलो दमकल आयो, आगोमा एक थोपा पानी पुर्‍याउन सकेन। दोस्रो दमकल आयो, त्यसले पनि पुर्‍याउन सकेन, तेस्रो दमकलले भित्तामा मात्र पानी हाल्यो, आगोतिर केही परेन ।"-उनी भन्छन् । आगलागीको दृश्य अहिले पनि कहिलेकाहीँ उनको सपनामा आउँछ, उनी भन्छन्-"एउटा गतिलो दमकल भइदिएको भए हामी सुरक्षित हुन्थ्यौं ।" आगलागीपछि उनको व्यवसाय शून्यमा झर्‍यो । तर दायित्व भने बाँकी नै थियो । ऋण थियो । कर्मचारी थिए । परिवार थियो । त्यतिबेला श्रीमती नर्स, अस्पतालमा काममा जान्थिन् । तीन छोराछोरी विद्यालय जान्थे । आफू भने व्यवसायविहीन थिए । केही दिन उनी गाडी लिएर बुटवल-भैरहवा ओहोरदोहोर गरिरहे । संगीत सुन्थे । समय कटाउँथे । त्यसपछि उनले आफ्नो विगत सम्झिए । आगलागीपछि आफूलाई सम्हाल्ने क्रममा भुसालले आफ्नो सुरुवाती दिन सम्झिए । "प्रकाश, तैले सुरु गरेको पाँच हजारबाट हो । तेरो बुटवलमा आएको करिअर पाँच हजारबाट स्टार्ट भएको हो । के हिम्मत हार्छस् ?"- आफूलाई त्यही प्रश्न गरेको उनी बताउँछन् ।

त्यही सोँचले उनलाई फेरि काममा फर्कायो । पुरानै 'ह्वाइट हाउस' नामबाट गार्मेन्ट व्यवसाय सुरु भयो । तर यसपटक लगानी थिएन । दश वटा सिलाइ मेसिन किनियो । पाँच जना कालिगढ राखिए ।

कपडा आपूर्तिकर्ताबाट छ महिनासम्म उधारोमा सामान ल्याउने व्यवस्था भयो । ठूलो परिमाणमा सामान किन्नेभन्दा आवश्यकताअनुसार थोरै-थोरै सामान लिने र बिक्रीपछि भुक्तानी गर्ने नीति अपनाइयो । सुरुवातका दिनमा भुसाल आफैंले कपडा नाप्ने, उत्पादन हेर्ने र खर्च घटाउने काम गरे । बिस्तारै अर्डर बढ्यो । आगलागीपछि सुरु गरिएको गार्मेन्ट व्यवसाय अहिले बुटवलका तीन स्थानमा सञ्चालनमा छ । जेसीस चोकमा 'ह्वाइट हाउस'को मुख्य पसल छ । देवीनगरको ब्ल्याक फरेस्ट क्षेत्र र सुखनगर चोकमा पनि पसल छन् । सुर्खेत र धनगढीमा स्थानीय कालिगढमार्फत् अर्डर संकलन र उत्पादनको काम भइरहेको भुसाल बताउँछन् । सुरुवातका पाँच कर्मचारी अहिले करिब ६० पुगेका छन् ।

विद्यालय, संघसंस्था, कार्यालय र फेन्सी पसलबाट अर्डर आउने गरेका छन् । स्टकमा सामान उत्पादन गरेर राख्नेभन्दा अर्डर आएपछि उत्पादन गर्ने उनको अहिलेको व्यवसायिक मोडल हो । "बजारमा अर्डर कलेक्सन हुन्छ । त्यो अर्डर कलेक्सन भएपछि जस्तो अर्डर आउँछ, हामी त्यो बनाउँछौं ।"-उनी भन्छन् । उनका अनुसार अहिले व्यवसायबाट आफू सन्तुष्ट छन् ।

**कच्चा पदार्थदेखि बजारसम्म चुनौती**

व्यवसाय पुनः सञ्चालनमा आए पनि चुनौती सकिएका छैनन् । कच्चा पदार्थका लागि बाहिरी बजारमा निर्भर हुनुपर्ने भएकाले इन्धनको मूल्यमा हुने उतारचढावले उत्पादन लागत प्रभावित गर्ने भुसाल बताउँछन् । इन्धनको मूल्य बढेपछि ढुवानी र कच्चा पदार्थको लागत बढ्ने, तर मूल्य घट्दा त्यसको प्रभाव उत्पादन लागतमा तत्काल नदेखिने उनको गुनासो छ । यद्यपि व्यवसाय विस्तारको योजना उनले छाडेका छैनन् । अब उनको लक्ष्य नेपाली उत्पादनमा फर्किने हो ।

**३३ वर्ष पुरानो योजना अझै बाँकी**

कक्षा ९ मा अध्ययन गर्दा कापीमा लेखेको व्यवसायिक योजनादेखि अहिलेको गार्मेन्टसम्म आइपुग्दा भुसालले धेरै व्यवसायिक प्रयोग गरिसकेका छन् । कुनै व्यवसाय चले, कुनै बन्द भए । कतिपयले उनलाई अदालत पुर्‍याए । कतिपय परियोजनामा साझेदारी विवाद भयो । र पछिल्लो ठूलो व्यवसाय आगलागीमा गुम्यो ।

तर आफ्नो मूल सोचबाट विचलित नभएको उनी बताउँछन्।"मैले एसएलसी दिँदा सोचेको कन्सेप्टमा म कति पनि विचलित छैन ।"- उनी भन्छन् । अब उनले विगतमा सुरु गरेको नेपाली लुगा र नेपाली जुत्ताको उत्पादन व्यवसायलाई पुनः अघि बढाउने योजना बनाएका छन् । "छिट्टै नै सुरु गर्छु भन्नेमा छु ।"- उनी भन्छन् । उनका लागि उद्यमशीलता केवल व्यापार विस्तार गर्ने माध्यम होइन । आत्मनिर्भर बन्ने र त्यससँगै समाजका लागि काम गर्ने योजना पनि रहेको उनी बताउँछन् ।

# लुम्बिनीमा नेकपाबाट तीन मन्त्री नियुक्त





बुटवल । लुम्बिनी प्रदेश सरकारमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट तीन जना मन्त्री नियुक्त भएका छन् ।

मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश प्रमुखसमक्ष तीन जनाको नाम सिफारिस गरेका हुन् । नेकपाबाट नयाँ नियुक्त भएका दीपेन्द्रकुमार पुनलाई स्वास्थ्य मन्त्रालय, इन्द्रजीत थारूलाई आर्थिक मामिला तथा योजना मन्त्रालय र कृष्णा कुश्मा थारूलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

नयाँ नियुक्त भएका मन्त्रीहरूको पद तथा गोपनीयताको शपथ प्रदेश प्रमुखको कार्यालय बुटवलमा मंगलबार दिउँसो ३ बजेर २५ मिनेटमा राखिएको छ ।

मन्त्रीपरिषद्का अन्य सदस्यमा तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालय, रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालय, सन्तोषकुमार पाण्डेयलाई शहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय तथा भण्डारीलाल अहिरलाई आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको जिम्मेवारी दिने सिफारिस गरिएको छ ।

यसअघि स्वास्थ्य मन्त्रालयको जिम्मेवारीमा रहेका रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा रहेका तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

त्यस्तै, सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका सन्तोषकुमार पाण्डेयलाई सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिने प्रस्ताव गरिएको छ ।

वर्तमान सरकारमा नेकपा एमालेबाट मुख्यमन्त्रीसहित चार जना, नेकपाबाट तीन जना र जनता समाजवादी पार्टी, नेपालबाट दुई जना मन्त्री रहने गरी भएको सहमतिअनुसार मन्त्रीपरिषद् पुनर्गठन गरिएको हो ।

**डिल्लीराज भुसाललाई प्रदेश प्रमुखले रोके**

सरकारले नयां मन्त्री नियक्ति गरी शपथका लागि बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा तीन दिनअघि पत्र पठाए पनि प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले मन्त्रीको संख्या कानुनविपरीत भएको भन्दै शपथ रोकेपछि अन्तिममा सरकार मन्त्रीको संख्या घटाउन बाध्य भएको छ । प्रदेशसभाबाट आफैंले पारित गरेको नीति तथा कार्यक्रमविपरीत सरकारले मन्त्रीको संख्या बढाएपछि प्रदेश प्रमुख घर्तीले कार्यान्वयनमा ढिलाइ गरेका थिए ।

तीन दिनअघि सरकारले नेकपाका ३ मन्त्रीको शपथ र मुख्यमन्त्रीसहित १० जना मन्त्रीको जिम्मेवारीसहितको सूची प्रदेश प्रमुखको कार्यालयमा पठाएको थियो । मन्त्री नियुक्तिको विषयमा सत्तारूढ दलभित्रै विवाद रहेकाले एमाले र नेकपाका नेताहरू छिटो शपथ गराउन चाहन्थे । तर, प्रदेश प्रमुख घर्तीले अडान लिएपछि अन्ततः सरकार सूची सच्याउन बाध्य भएको हो ।

पहिले पठाइएको पत्रमा एमालेबाट मन्त्री बनेका डिल्लीराज भुसाललाई मुख्यमन्त्री कार्यालय हेर्ने गरी बिनाविभागीयमा राखिएको थियो । तर, पछिल्लो पत्रमा उनको नाम हटाइएको छ ।

'पुरानो पत्रमा मुख्यमन्त्रीसहित १० जनाको सूची थियो, पछि सच्याएर ल्याइएको सूचीमा ९ जना मात्र छन्,' प्रदेश प्रमुख कार्यालयका एक कर्मचारीले भने-'९ जनाको सूचि देखेपछि मात्रै प्रदेश प्रमुख सथप गराउन तयार हुनुभएको हो ।' यसअघि सरकारले पठाएको पहिलो पत्रलाई गोप्य राखिए पनि सञ्चारमाध्यममा सार्वजनिक भइसकेको थियो ।




# सम्पादकीय

## दुग्ध किसानको पक्षमा आदेश

सर्वोच्च अदालतले किसानलाई दिन बाँकी दूधको भुक्तानी तत्काल गर्न सरकारका नाममा परमादेश जारी गरेको छ। २०८१ पुसमा फैसला भए पनि आइतबार मात्र त्यसको पूर्ण पाठ सार्वजनिक भएपछि अब किसानलाई दिनुपर्ने बक्यौता तत्काल दिनुपर्ने छ। निजी डेरी कम्पनीहरुले ६ अर्ब र दुग्ध विकास संस्थानले ९० करोड रुपैयाँ गरी ६ अर्ब ९० करोड रुपैयाँ भुक्तानी दिनुपर्नेछ।

दूध उत्पादन गर्ने किसानहरूले डेरी उद्योगहरूबाट समयमा भुक्तानी नपाएको र त्यसले किसानहरू मारमा ठहरसहित सर्वोच्च अदालतले दुग्ध विकास संस्थान(डीडीसी) र डेरी उद्योगहरूलाई किसानहरूले पाउनुपर्ने पैसा बाँकी नराख्न आदेश दिएको छ। फैसलामा दूध उत्पादक किसानलाई तिर्नुपर्ने बाँकी रकम समयमा भुक्तानी नगर्दा निवेदकहरूको संविधानप्रदत्त सम्पत्तिको हक, सामाजिक न्यायको हक र सम्मानपूर्वक बाँच्न पाउने हककोसमेत गम्भीर हनन हुन गएको देखिएको उल्लेख छ।

यसअघि किसानले लामो समयदेखि बक्यौता भुक्तानीको मागसम्बोधन नभएपछि आन्दोलन गरेका थिए। आन्दोलनपछि पनि सरकारले माग सुनुवाइ नगरेपछि किसानले अदालतको ढोका ढकढकाएका थिए। दुग्ध किसानले महँगो दाना खुवाएर गरेको पशुपालनको लागत महँगो छँदैछ, अझ दूध बेचेको पैसा नपाउँदा झन समस्यामा परेका छन्। तीन वर्षयता किसान पशुमा लम्की स्कीनको प्रकोपले मारमा परिरहेका छन्। किसानका हजारौं पशु मरे। सरकारले प्रकोप प्रभावितलाई उचित राहत दिन पटक्कै ध्यान दिएन्। दूधको उत्पादन लागत बढ्दा बजार मूल्य नबढिरहेको र कमै भए पनि नियमित भुक्तानी रोकिदा किसानको पीडा धेरै छ। भुक्तानी नदिदा किसान पशुपालन व्यवसायबाट पलायन हुने जोखिम बढेको छ। अदालतको आदेशले किसानले भुक्तानी पाउने आशा पलाएको छ।

सशस्त्र द्वन्द्वकालमा किसानको दूध नियमित संकलनमा समस्या हुँदा धेरै किसान पलायन भए। दुग्ध विकास संस्थानले मिल्क होलिडे लागु गरेको थियो। क्रमशः बौरिएको दूध उत्पादन व्यवसाय अहिले पुनः पहिलेकै अवस्थामा पुगेको छ। कोभिडपछि विभिन्न मुलुकमा रोजगारी गुमाएर यहाँ आएका युवाले व्यवसायिक पशुपालन सुरु गरेका थिए। यही केही गरौं भन्नेका लागि पशुपालन आकर्षक व्यवसाय थियो। अहिलेको विकराल अवस्थाले युवा पलायनलाई झन बढाउने देखिन्छ, जो मुलुकका लागि दीर्घकालका लागि घातक हुनेछ। अहिलेको समस्या तत्काल आएको होइन्, सरकारले बजारको सुनिश्चितता नगर्दा आएको हो। भारतबाट निर्वाध आउने पाउडर दूध र अन्य दुग्धजन्य पदार्थलाई बेलैमा रोक लगाउन सरकारको ध्यान गएन्। यद्यपि अहिले बल्ल केही दुग्धजन्य पदार्थमा रोक लगाइएको छ। कम्तिमा सेना र प्रहरीमा नेपाली पाउडर दूधको उपभोगको सुनिश्चित गर्ने हो भने दुग्ध विकास संस्थानलाई धेरै राहत हुन्थ्यो। दुग्ध विकास संस्थानलाई राहत हुँदा त्यसको प्रभाव किसानसम्म पुग्थ्यो। यहाँ उत्पादन भएको दूध भारत र बंगलादेश निर्यातको प्रबन्ध मिलाउने हो भने किसानका लागि ठूलो राहत हुनसक्छ। कतारमा डीडीसी घ्यू जान थालेको छ।

अदालतको फैसला विगतका सहमति झैं हुनुहुन्न। कार्यान्वयन अनिवार्य शर्त हो। दुग्ध किसानलाई आशा जगाउन सके आत्मनिर्भर अर्थतन्त्रको बाटोमा थोरै भए पनि आशा जगाउन सकिन्छ।

## सेयर बजारमा १९ अङ्कको गिरावट



काठमाडौं। साताको पहिलो कारोबार दिन सोमबार सेयर बजार मापक नेप्से परिसूचकमा गिरावट आएको छ। नेप्से परिसूचक १९.१३ अङ्कले घटेर २५९९.५८ विन्दुमा ओर्लिएको हो। सवा महिना अघि २६ सयभन्दा तल रहेको परिसूचक फेरि यो तहमा झरेको हो।

बजार खुलेसँगै ओरालो लाग्न थालेको नेप्सेले अन्तिम समयसम्म पनि घट्ने क्रमलाई निरन्तरता दिँदै सो बराबरको गिरावट व्यहोरेको हो। कुल ३५० कम्पनीका ८५ लाख ७२ हजार ९७० कित्ता सेयर ३ अर्ब २३ करोड ९७ लाख रुपैयाँमा कारोबार भएको छ।

बजारमा गिरावटको प्रभाव धेरै कम्पनीहरूमा देखिएको छ। कुल सूचीकृत कम्पनीमध्ये जम्मा ४७ कम्पनीको सेयर मूल्य बढेको छ भने २२९ कम्पनीको मूल्यमा गिरावट आएको छ। २ कम्पनीको सेयर मूल्य भने स्थिर रहेको छ।

सर्वोत्तम पेन्टसूका लगानीकर्ताले सबैभन्दा धेरै कमाएका छन्, जसको सेयर मूल्य १४.९९ प्रतिशत बढेको छ। त्यस्तै, धौलागिरी लघुवित्तको मूल्य ११.९८ प्रतिशत र सीवाईसी नेपाल लघुवित्तको मूल्य ९.१४ प्रतिशतले वृद्धि भएको छ। कारोबार रकमका आधारमा रिलायन्स स्पिनिङ मिल्स अग्रस्थानमा रहेको छ। यस कम्पनीको १२ करोड ७२ लाख ८२ हजार रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यसैगरी, सोलु पावरको ११ करोड ८८ लाख र साहस ऊर्जाको १० करोड ६५ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको छ।

## ब्राह्मा र सरस्वती

# हिन्दु देवताहरूको चरित्र चित्रण



झपेन्द्र जिसी

विश्वले विज्ञान र प्रविधिमा अकल्पनीय फड्को मारिसक्दा पनि हाम्रो समाज कुन जमानाको ग्रन्थ र संस्कारबाट शासित छ, यो एउटा गतिलो उदाहरण हो।

**विषय प्रवेशः**

जंगबहादुर शाहजीले वेद, पुराण आदिको गहिरो अध्ययन गरेर ब्रह्मा र सरस्वती शीर्षकअन्तर्गत हिन्दु समाजले मान्ने वडा देवता ब्रह्माको विशेष चरित्र चित्रण गरेका छन्। ब्रह्मा र सरस्वतीको नाता एकातर्फ बाबु छोरीको छ भने अर्कोतर्फ ब्रह्माकी श्रीमती सरस्वती हुन्। सरस्वती, सावित्रा, गायत्री एउटै नारीका नाम हुन्। उषालाई कुनै ग्रन्थमा ब्रह्माकी छोरी पट्टीकी नातिनी र कुनै ग्रन्थमा छोरी पत्नी भनेका छन्।

यी नारीहरुलाई हिन्दुहरुले चरित्रवत्ती नारीका रुपमा पुज्दै आएका छन्। सरस्वतीलाई विद्याकी अधिस्षठात्री मानिन्छ। ब्रह्मा बुढाले आफ्ना छोरी दक्ष प्रजापतिलाई दिएका हुँदा दक्ष प्रजापति उनका जुवाई हुन्। ब्रह्माकै छोरीपट्टिको नातिनी उषा देखेर उनी संमोहित भएको र उनकै दिन घुम्टो उघारी ब्रह्माले अवलोकन गर्दा ब्रह्मा स्खलित भएका पातकी ब्रह्मा बाजेको चरित्र चित्रण गर्दा शर्म लाग्नु स्वाभाविकै छ। ब्रह्मा बाजेलाई ब्रह्मा वा प्रजापति पनि यो शीर्षकमा भनिएको छ। वातोस्पति भनेका विष्णु हुन्। ब्रह्माको कन्यागामी चरित्रलाई देखेर उनलाई प्रजापिताको पगरी खोसेर देवगणहरुले तत्कालीन मान्छेहरुले पशुपति अर्थात् प्रजापतिले सरस्वती उर्फ सावित्री गायत्रीसँग समागम गरेर वीर्य स्खलित सेंचन गरे। रेत/शुक्र पग्लेर पृथ्वीमा समेत पोखियो। प्रजापतिको आफ्नै कन्यागामी कुकर्म देवगणले देखे र क्रुद्ध भए।

रुद्र वा वातोस्पतिको उल्लेख आचार्य सयणले गरेका छन्। वेद व्याख्याता सयणले ऐतरिर्य ब्राह्ममा सरस्वतीलाई उषा पनि भनेका छन्। आफ्नी छोरीलाई जोई मान्ने कृकुत्य गर्ने यिनलाई निषिद्ध कसरी गर्ने भनेर देवगण मध्यबाट कोही सामार्थ नदेखेपछि रुद्रको उत्पत्ति गरे र ब्रह्माको प्रजापति बगरी रुद्रलाई हस्तान्तरण गरे। रुद्रबाट नै ब्रह्माको अन्त्य गराइदिने निधो देवगणले गरे। देवणले भने अनुसार ब्रह्माको प्रजापतिको पद निषिद्ध गरिदिए। मलाई पनि तिनीहरुले पशुहरुको अधिपति बनाउनुपर्छ रुद्रले माग गरे। तदुपरान्त रुद्र पशुपति कहलाइए। शत पथ ब्राह्मणमा यो उल्लेख छ।

रुद्रले भने पशुहरुका मालिक त ब्रह्मा नै हुन्।

अब उहाँलाई प्रजा जन्माउने प्रजापति मात्र भन्नुहोस्- आजदेखि तपाईं रुद्रलाई हामी पशुपति भन्ने छौं।

पञ्चविशव्मण्डव्य ब्राह्मण ग्रन्थ ८.२.१० मा लेखिएको।

प्रजापतिले आफ्नै छोरीलाई दुलही बनाइ राखे। शतपथ ब्राह्मणमा पनि यही कुरा उल्लेख छ। ऋग्वेद र परम्परावादी विद्वानहरुले ब्राह्मण ग्रन्थलाई पनि ब्राह्मण वेदनै मानेका छन्।

स्मरणीय होस, ब्रह्मालाई लोकले पिता मह मान्दछन्। शिव नागशाय कमलमा सुतेका विष्णुको नाभीबाट वा कतै कमलको फूलबाट जन्म भएको बताइन्छ। अर्थात् उनी जन्मनु पूर्व नै शेष र नाग जन्मिसकेका थिए। यसैले विष्णुलाई पद्मनाभ र ब्रह्मालाई पद्म संभव भनिएको भनिन्छ। यति मात्र होइन ऋषिहरु अत्रि, अङ्गिरा, फूलस्त्य, पुलह, क्रतु, सचेता, भृगु र वशिष्ट नारद पहिलेदेखि नै सृष्टिमा रहेछन्। यो कुरा ब्रह्मा ठूलो भएपछि देखे। ती १९/२० जना ऋषिहरुलाई फकाएर धर्म पुत्री बनाएपछि तबदेखि ब्रह्मा प्रजापति कहलाइए। यसरी नै ब्रह्मा/प्रजापतिले आफ्नै शरीरबाट दक्ष प्रजापति, धर्मराज, कुसुमा, युध र एउटा सुन्दरी कन्या जन्माए। लोकले शतरुपा सरस्वती सावित्री गायत्री भन्न थाले। ब्रह्मा सावित्रीको सुन्दर अंग र पुष्ट यौवन देखेर मैथुनमा तयार भए।

पिताको पुत्री गमन आवान्छनीय र कुकृत्य देखेर वशिष्टले सावित्री तपाईंकी पुत्री र हाम्री बहिनी हुन् भनी विरुद्धमा आवाज उठाए। सबै पुत्रहरुले विरोध गर्न थाले।

सबै पुत्रहरुले विरोध जनाएपछि ब्रह्मालाई रिस उठ्यो र भने-मैले मेरै विरुद्धमा उत्रिनका लागि पुत्र बनाएको होइन। म पशुपति हुँ अर्थात् प्राणीहरुको स्वामी हुँ, मन लागी गर्छु, सक्छौं भने तिमीहरु पनि मन लागी गरेर प्रजापति हौं। यहाँबाट गइहाल भनी ब्रह्माले हकारे। मरीचिले देवसभामा गएर ब्रह्माको अनुचित वा कुकृत्यबारे प्रसङ्ग उठाउँदा ब्रह्मालाई तह लगाउन सक्षम कोही पाएनन। अतः उनीहरु रुद्र कहाँ गएर उजुरी गरे। रुद्रले तपाईंहरुले रोक्नु पर्दथ्यो, नसके मारिदिनु पर्दथ्यो! दोष लाग्ने थिएन भने।

अब मैले के गर्ने? त्यस्तो कठिन काम गरे बापत मैले के पाउने भनी देवगणसँग प्रश्न गरे।

अब मलाई पशुपति भन्नुहोस्!

प्राणीहरुका पति त ब्रह्मा नै हुन्।

लौ भैगयो! तपाईं रुद्रलाई हामी पशुपति मान्ने छौं। सबै छोराहरु र रुद्र धनुषवाण समातेर आएको देखि ब्रह्मा डराएर विष्णुका पुगे। विष्णुले डराएका ब्रह्मालाई अबदेखि मैले रुद्रलाई पशुपति मान्छु भने। ऐतरीय ब्राह्मण १३.९)।

आफ्नी छोरी शतरुपाकी छोरी सती पनि ब्रह्माकी सखेत नातिनी हुन्। आफ्नी छोरीमाथि पनि ब्रह्माको आँखा गड्यो। जुवाईं दक्ष प्रजापतिले छोरी सतीको बिहेको प्रसङ्ग उठाउँदाको बिहे गर्ने बेला भएको छैन भनी आलटाल गरे पनि बिहेको निधो भइसकेको हुँदा निर्धारित दिनको लगनमा विवाह मण्डपमा अनुष्ठान सुरु भयो। नातिनी अब टाढा जाने भई भन्दै कामातुर भएर घुन्टो उघारी अनुहार हेरे। र वीर्य स्खलन गरिहाले। वर शंकर/पिनाकिले ब्रह्माको चर्तिकला देखेर रिसाए। ब्रह्माले एक दिन प्रवास क्षेत्रमा विराट यज्ञको आयोजना गर्न भए। यज्ञ प्रारम्भ गर्न श्रीमती सरस्वती/सावित्रीको दकार पर्दैथ्यो नै, तर सरस्वती/सावित्री समयमा नआएकीले कुनै गोपालकी पुत्रीलाई सरस्वतीको रुपमा राखेर यज्ञ प्रारम्भ गरे। विष्णुकी पत्नी लक्ष्मीलाई लिएर आउँदा सरस्वतीलाई आउन ढिला भएको थियो।

पत्नी विनाको यज्ञ के गरेको हो, मेरा पतिदेव भनेर सरस्वती रिसाइन्। तिमी मेरो रचना हौं। तिमी आउन ढिला भएकोले यज्ञ सुरु गरिएको हो। सावित्रीले भनिन्- त्यसो भए म श्राप दिन्छु! शंकरले त पहिले नै तपाईंलाई अपूज्य बनाइसक्नुभएको छ। अबदेखि तिम्रो कहींकतै मन्दिर बन्ने छैन र पूजा आरधना पनि हुने छैन।

उनले सबैलाई श्राप दिँदै भनिन्-बैकुण्ठका दधिपति विष्णुले पत्नी वियोग सहनुपर्ला, ब्राह्मणहरु पनि लोभी हुनु परोस्। सबैलाई श्राप दिएर सावित्री/सरस्वती घरतिर लागिन्। गोपाल पुत्रीलाई सावित्री अथवा सरस्वतीले कपाल लुछेर लखेटेर घर पस्न र बस्न दिइनन्।

छोरी - श्रीमतीहरु सरस्वती/सावित्रालाई ब्रह्मा बूढासँग बदला कसरी लिने भन्ने थियो। एक दिन शुरपुर (गढवाल)तिर घुम्न जाँदा सरस्वती राजा ऐलसँग सरस्वतीको भेट भयो। परिचय गर्दा म सबै देवगणको भोग्या हुँ भनी उर्वसीले परिचय दिइन र राजा ऐलले उर्वसीको माध्यमबाट सरस्वतीलाई बोलाएर वातचित गरे। ब्रह्मा बूढा अलि पर थिए, त्यो बातचित थाहा भएन। भए पनि चुपचाप रहे। गफगाफका क्रममा राजा ऐलसँग सरस्वतीको मन पग्लियो भने युवा राजा पुररुवा ऐल र सरस्वतीका बिच संसर्ग भयो।

यथा समयमा सरस्वतीले सारस्वान नामक पुत्र जन्माइन्। बुढा ब्रह्माले युवा श्रीमतीलाई यौन तुष्टि दिन नसके पनि श्राप दिएर अशरीर बनाइदिए। अशरीर भनेको भौतिक दृष्टिकोणबाट हेर्दा हत्या गर्नु नै हो।

तर ग्रन्थहरुमा अशरीर भनेर टिमालेका छन्।

गुरुपुरोहितहरुले जे भने पनि मान्ने र सहने हिन्दु समाजमा बोलबोल मछली मुखभरि पानी भनेजस्तै छ।

अन्त्यमा विश्वले विज्ञान र प्रविधिमा अकल्पनीय फड्को मारिसक्दा पनि हाम्रो समाज कुन जमानाको ग्रन्थ र संस्कारबाट शासित छ, यो एउटा गतिलो उदाहरण हो।

# अदुवा हालिएको तातो पानीका फाइदाहरू

दिपु सिंह



अदुवा हाम्रो भान्सामा मात्र नभई परम्परागत औषधीय उपयोगमा पनि अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसलाई मसला, स्वादवर्धक तथा स्वास्थ्यवर्धक तत्वका रूपमा प्रयोग गरिन्छ। विशेषगरी तातो पानीमा अदुवा हालेर पिउनु स्वास्थ्यका दृष्टिले निकै लाभदायक मानिन्छ। यसले शरीरलाई भित्री रूपमा तताउने मात्र होइन, विभिन्न रोगहरूको जोखिम कम गर्न, रोगप्रतिरोधात्मक क्षमता बढाउन र पाचन प्रणालीलाई सुदृढ बनाउन मद्दत गर्छ। यहाँ अदुवा हालिएको तातो पानीका प्रमुख फाइदाहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

**रोगप्रतिरोधात्मक क्षमता वृद्धि**

अदुवा एन्टिअक्सिडेन्ट र एन्टिब्याक्टेरियल गुणले भरिपूर्ण हुन्छ। तातो पानीमा यसको गुण अझ सक्रिय भएर शरीरमा पुग्छ। यसले रुघा-खोकी, घाँटी दुख्ने, ज्वरो जस्ता भाइरल रोगहरूबाट जोगाउँछ। नियमित सेवनले शरीरलाई संक्रमणसँग लड्ने क्षमता बढाउँछ, जसले विशेषगरी चिसो मौसममा स्वास्थ्यलाई मजबुत बनाउँछ।

**तौल नियन्त्रणमा सहयोगी**

अदुवाले शरीरको मेटाबोलिज्म बढाउँछ। तातो पानीसँग यसको प्रयोग गर्दा शरीरले बोसो द्रुत रूपमा जलाउन थाल्छ। यसले भूख नियन्त्रण गर्ने क्षमता पनि राख्छ, जसले अत्यधिक खानाबाट बचाउँछ। बिहान वा दिउँसो अदुवा तातो पानी पिउनाले बिस्तारै तौल घटाउन मद्दत पुऱ्याउँछ।

**रगतको सञ्चार सुधार**

अदुवा हालिएको तातो पानीले रगतको सञ्चारलाई सहज बनाउँछ। यसले रगतमा भएको जमावट कम गर्न मद्दत गर्छ। जसका कारण मुटुसम्बन्धी समस्या, स्ट्रोक, र उच्च रक्तचापको जोखिम घट्छ। चिसो मौसममा यसको सेवनले हात-खुट्टा चिसिनु वा सुनिनु जस्ता समस्या पनि कम हुन्छन्।

**पाचन प्रणाली सुधार**

अदुवामा रहेको जिन्जेरोल र शोगोल नामक सक्रिय तत्वहरूले पेटमा रसको उत्पादन बढाउँछन्। यसले खाना सजिलै पच्न सहयोग पुऱ्याउँछ। तातो पानीसँग अदुवा मिसाउँदा पेट फुल्ने, ग्यास, अपच तथा पेट दुख्ने समस्या घट्छ। बिहान खाली पेट अदुवा हालिएको तातो पानी पिउनाले दिनभर पाचन राम्रो रहन्छ र कब्जियतको समस्या कम हुन्छ।

**एन्टिइन्फ्लेमेटोरी (सुजन कम गर्ने) गुण**

अदुवामा प्राकृतिक एन्टिइन्फ्लेमेटोरी तत्वहरू हुन्छन्, जसले शरीरमा भएको सुजन, जोर्नी दुखाइ, आर्थराइटिस, र मांसपेशी दुखाइ कम गर्न मद्दत गर्छ।

तातो पानीसँग सेवन गर्दा यो प्रभाव अझ बलियो हुन्छ, किनभने तातोपनले रक्तसञ्चार बढाउँछ र दुखाइ भएको भागसम्म औषधीय तत्व छिटो पुऱ्याउँछ।

**चिसो मौसममा शरीर तताउने**

अदुवा प्राकृतिक रूपमा शरीरलाई तताउने गुण भएको जडीबुटी हो। तातो पानीमा हालेर पिउनाले भित्रबाट न्यानोपन महसुस हुन्छ।

यो विशेषगरी हिउँद, वर्षात् वा चिसो मौसममा जाडो भगाउने घरेलु उपायका रूपमा प्रयोग गरिन्छ।

**घाँटी दुखाइ र खोकीमा लाभकारी**

यदि घाँटी दुखेको, खोकी आएको वा घाँटीमा खरानी जमेको छ भने अदुवा हालिएको तातो पानी पिउनाले तुरुन्त राहत मिल्छ। अदुवाको एन्टिब्याक्टेरियल गुणले संक्रमण कम गर्छ र घाँटी सफा राख्छ।

**मानसिक तनाव कम गर्ने**

अदुवा हालिएको तातो पानीको सुगन्ध र स्वादले दिमागलाई रिल्याक्स गराउँछ। यसमा भएको प्राकृतिक तत्वले स्नायु प्रणालीलाई शान्त राख्छ र मानसिक तनाव तथा चिन्ता घटाउँछ। बिहानको सुरुवात वा बेलुकाको आराम समय यसलाई पिउनाले दिनभरको थकान हटाउन मद्दत गर्छ।

**छालाको स्वास्थ्य सुधार**

अदुवा तातो पानीसँग सेवन गर्दा शरीरमा भएको विषाक्त पदार्थ (Toxins) पसिनाबाट बाहिर निस्कन्छ। यसले छालामा चमक ल्याउँछ र मुहाँ, दाग, तथा अन्य छालासम्बन्धी समस्या कम हुन्छ।

**डिटक्स (शरीर सफा गर्ने) प्रभाव**

अदुवाले शरीरभित्रको अनावश्यक बोसो, टक्सिन र हानिकारक पदार्थलाई बाहिर निकाल्ने गुण हुन्छ। तातो पानीमा मिसाउँदा यसको डिटक्स प्रभाव अझ बढ्छ। यसले मिर्गौला र कलेजोको कार्यसम्पादन सुधार गर्छ र सम्पूर्ण स्वास्थ्यमा सुधार ल्याउँछ।

**सेवन गर्ने तरिका**

१. करिब २-३ टुक्रा ताजा अदुवा धुने र हल्का कुट्ने।
२. १ गिलास तातो पानीमा राखेर ५-१० मिनेट छोड्ने।
३. चाहिँमा मह वा कागती मिसाउन सकिन्छ।
४. बिहान खाली पेट वा बेलुकी सुत्नु अघि सेवन गर्दा उत्तम परिणाम पाइन्छ।

**सावधानीहरू**

अत्यधिक मात्रामा अदुवा सेवन गर्दा पेट जलन वा एसिडिटी हुन सक्छ। गर्भवती महिला, रक्त पातलो गर्ने औषधि खाने व्यक्तिले चिकित्सकको सल्लाह लिनु राम्रो।

खाली पेटमा धेरै मात्रामा नखाने। स्वास्थ्य खबरबाट



**मुस्ताङको कागबेनीः**

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–४ स्थित कागबेनी गाउँ र खेतीयोग्य भूभाग। यहाँको कागबेनीस्थित कालीगण्डकी नदी र गण्डकी नदीको सङ्गमस्थल कागबेनी धाममा दिवङ्गत पितृहरूका शान्तिको लागि श्राद्ध, तर्पण र पिण्डदान आदिलगायतको धार्मिक कार्य गरिन्छ। तस्विर : रासस

# २ दिने अन्तर्राष्ट्रिय सम्मेलनमा ४ देशका ३० वटा कार्यपत्र प्रस्तुत

मणिग्राम । रूपन्देहीको मणिग्राममा सञ्चालित २ दिने अन्तर्राष्ट्रिय सम्मेलनमा विभिन्न ४ देशका ३० वटा कार्यपत्र प्रस्तुत भएका छन् । नेपालसहित अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा अनुसन्धान व्यवस्थापन समिति राममणि बहुमुखी क्याम्पस, मणिग्राम रूपन्देहीले आयोजना गरेको सम्मेलनमा प्रस्तुत ३० वटा कार्यपत्रमाथि गहन विवेचना भएका थिए । “Emerging Perspectives in Social Sciences and Pedagogical Opportunities"- "Pursuit of Excellence" अर्थात् “सामाजिक विज्ञानका उदीयमान दृष्टिकोण तथा शैक्षिक अवसरहरू” “उत्कृष्टताको खोजीमा” भन्ने मूल विषयमा केन्द्रित रही सम्मेलन सञ्चालन गरिएको क्याम्पस प्रमुख ताराप्रसाद पराजुलीले उल्लेख गरे ।

अन्तर्राष्ट्रिय सम्मेलनअन्तर्गत (आइतबार) अर्थशास्त्र तथा व्यवस्थापन क्षेत्र, शिक्षा तथा शिक्षण विधि क्षेत्र र कला, साहित्य तथा सामाजिक विज्ञान क्षेत्र गरी ३ वटा फरक फरक क्षेत्रका सम्बन्धित कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । तीनवटै विधाका कार्यपत्र प्रस्तुतिसँगै सहभागी एवम् विज्ञहरूका जिज्ञासा, टिप्पणीकर्ताका सुझाव र सम्बन्धित सत्रका सभाध्यक्षले निर्देशन दिने कार्य सम्पन्न भएको अन्तर्राष्ट्रिय सम्मेलनका संयोजक डा. अशोक भण्डारीले बताए ।

अर्थशास्त्र तथा व्यवस्थापन क्षेत्रमा आयोजित कार्यपत्र प्रस्तुति प्रा.डा. प्रकाश श्रेष्ठको अध्यक्षता तथा प्रा.डा. बाबु राम ज्ञवाली र प्रा.डा. गणेशप्रसाद पाठकको टिप्पणीमा सञ्चालन गरिएको थियो । यो क्षेत्रमा १३ वटा कार्यपत्र प्रस्तुत गरिएको सो सत्रका सञ्चालक कृष्णकुमार रेग्मीले जानकारी दिए ।

यस्तैः समाजशास्त्र, कला र साहित्य क्षेत्रमा आयोजित कार्यपत्र प्रस्तुति भारतको दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका प्रा.डा. अनुराग द्विवेदीको अध्यक्षता एवम् उप-प्राध्यापक डा. शालिकराम पौडेलको टिप्पणीमा सञ्चालन गरिएको थियो । त्यो सत्रमा विभिन्न विश्वविद्यालय तथा क्याम्पसका तर्फबाट ८ वटा कार्यपत्र प्रस्तुति र छलफल भएको उपप्राध्यापक नोवराज तिवारीले जानकारी दिए ।

त्यसैगरी, शिक्षा तथा शिक्षण विधि क्षेत्रमा आयोजित कार्यपत्र प्रस्तुति सह-प्राध्यापक डा. खुमप्रसाद शर्माको अध्यक्षता र उपप्राध्यापक लक्ष्मणप्रसाद भण्डारीको टिप्पणीमा सञ्चालन भएको थियो । यो क्षेत्रमा विभिन्न देशका विश्वविद्यालय एवम् क्याम्पसका तर्फबाट ९ वटा कार्यपत्र प्रस्तुत गरिएको सो सत्रका कार्यक्रम सञ्चालक जीवनकुमार पौडेलले जानकारी दिए ।

आइतबार क्याम्पस सञ्चालक समितिका अध्यक्ष ध्रुवकुमार धितालको सभापतित्वमा सञ्चालित सम्मेलन समापनका अवसरमा त्रिभुवन विश्वविद्यालयका सहायक डीन प्रा.डा. दिलीप पराजुलीले अनुसन्धानका कार्यमा सघाउन आफूहरू सदैव तयार रहेको बताए ।

उपप्राध्यापक मुक्तिनाथ गैह्रेको सञ्चालनमा भएको समापन सत्रमा यज्ञोदय दुधनाथ थारू बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख टंकप्रसाद पौडेल, प्राध्यापक संघका सभापति राजेन्द्र थापा, कार्यपत्र प्रस्तोता भारतको दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालयका उप-प्राध्यापक डा. विनयकुमार गुप्ता, उर्लाबारी बहुमुखी क्याम्पस मोरङ्का उपप्राध्यापक विष्णु मगरलगायतले बोल्दै सम्मेलनले प्राज्ञिक उन्नयनमा नयाँ अध्याय थपेको बताएका थिए । यसअघि शनिबार सम्मेलन उद्घाटनलगत्तै ३ देशका ३ वटा मुख्यवक्ताका अनुसन्धानात्मक कार्यपत्र प्रस्तुति र २ वटा विशेषज्ञ समूह छलफल आयोजना गरिएको थियो ।

सम्मेलनका क्रममा क्याम्पसका विद्यार्थीहरूले साँस्कृतिक प्रस्तुतिहरू समेत प्रस्तुत गरेको क्याम्पसका लेखाप्रमुख विष्णुप्रसाद भुसालले जानकारी दिए ।

# उद्योग संघको साधारणसभा असोज अन्तिममा




बुटवल । रुपन्देही उद्योग संघको ४८औं वार्षिक साधारण सभा असोज २६ गते सोमबार हुने भएको छ । शनिवार बसेको संघको कार्यसमिति बैठकले वार्षिक साधारण सभा असोज २६गते गर्ने निर्णय गर्नुका साथै यसको तयारीका लागि विभिन्न जिम्मेवारीहरु प्रदान गरेको हो ।

संघका अध्यक्ष कृष्ण प्रसाद पराजुलीको अध्यक्षमा सम्पन्न भएको बैठकले साधारण सभाको तयारीका लागि समितिका पदाधिकारी तथा सदस्यहरुलाई कार्यविभाजन गरेको महासचिव सुमन बस्यालले जानकारी दिनुभयो ।

साधारण सभामा विधान संशोधनका लागि निवर्तमान अध्यक्ष दिलिप सापकोटाको संयोजकत्वमा समिति गठन गरिएको छ । यो समितिले यसअघि भएको विधानलाई संशोधन गर्नका लागि साधारण सभामा सबै विधि समेटेर लैजाने छ । त्यसैगरी कार्यसमिति सदस्य किरण खरेलको संयोजकत्वमा किट ब्याग तथा खाना व्यवस्थापन समिति गठन भएको छ । साधारण सभामा वार्षिक प्रतिवेदन महासचिव सुमन बस्याल र आर्थिक प्रतिवेदन कोषाध्यक्ष विशाल वेल्वासेले तयार गर्नुहुनेछ ।

रुपन्देहीका उद्योगीहरुको साझा संस्था रहेको संघमा हाल ११ सय उद्योगी आवद्ध रहेका छन् । संघको ४८औं वार्षिक साधारण सभा संघको आफ्नै भवन बुटवल-४ मा सम्पन्न गरीने संघका प्रमुख कार्यकारी अधिकृत यादव प्रसाद भण्डारीले बताउनु भएको छ ।

# भलाई कोषका उत्कृष्ट कर्मचारी सम्मानित



बुटवल । यातायात मजदुर तथा व्यवसायी भलाई कोष बुटवलले उत्कृष्ट कार्य गर्ने १८ जना कर्मचारीलाई नगदसहित सम्मान गरेको छ । कोषले तिज मिलन कार्यक्रमको अवसर पारेर सोमबार कर्मचारीलाई सम्मान गरेको हो ।

सम्मानित हुनेमा हुमलाल फुल्लेल, लालकाजी गुरुङ, चेतबहादुर गुरुङ, किशोर क्षेत्री, ओमबहादुर थापा, पुरुषोत्तम भण्डारी, इन्द्रलाल खड्गी, पृथ्वीराज कार्की, विजयबहादुर थापा क्षेत्री, युवराज नेपाल, कृष्णप्रसाद श्रेष्ठ, पदमबहादुर क्षेत्री, टोपबहादुर झँक्री, राजेन्द्र फुल्लेल, विदुरकुमार रेग्मी, राजु खड्का, नामबहादुर पुन र भद्रबहादुर खड्का रहेका छन् ।

कार्यक्रममा कोषका निवर्तमान अध्यक्ष नारायणप्रसाद भट्टराईले यातायात क्षेत्रमा हुने दुर्घटनाबाट मजदुर तथा व्यवसायीले व्यहोर्नुपर्ने ठूलो आर्थिक क्षति न्यूनीकरणमा कोषले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए । दुर्घटनापछि उपचार, राहत तथा अन्य प्रयोजनमा ठूलो रकम आवश्यक पर्ने भएकाले कोषमा आबद्ध हुनु यातायात व्यवसायी तथा मजदुरका लागि आर्थिक सुरक्षाको आधार बन्ने उनको भनाइ थियो ।

कोषका अध्यक्ष दिनेश फुल्लेलले यातायात क्षेत्रमा काम गर्ने व्यवसायी तथा मजदुरलाई सम्भावित आर्थिक क्षतिबाट जोगाउन कोषको भूमिका अझ प्रभावकारी बनाउँदै लैजानुपर्ने बताए । उनले दुर्घटनाबाट हुने आर्थिक जोखिम न्यूनीकरणका लागि सबै सवारी साधनलाई कोषमा आबद्ध गराउन व्यवसायीलाई आग्रह गरे ।

“दुर्घटना कहिले र कहाँ हुन्छ भन्ने निश्चित हुँदैन । दुर्घटनाबाट हुने आर्थिक क्षतिबाट सुरक्षित रहन सबै सवारीलाई कोषको संरक्षणमा ल्याउन आवश्यक छ ।”-उनले भने ।

कोषका सल्लाहकार कृष्णप्रसाद बेलबासेले यातायात क्षेत्रसँग जोडिएका श्रमिक तथा व्यवसायीको हितमा कोषले गर्दै आएको कामलाई निरन्तरता दिनुपर्ने बताए । उनले संस्थाको प्रभावकारिता कर्मचारीको सेवा, पारदर्शिता र सदस्यप्रतिको जिम्मेवारीमा निर्भर रहने धारणा राखे ।

कोषका उपाध्यक्ष छविलाल थापाले कर्मचारीको कामको मूल्याङ्कन र सम्मानले संस्थाप्रति उनीहरूको जिम्मेवारी थप बढाउने बताए । उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने परम्पराले अन्य कर्मचारीलाई पनि थप मेहनत गर्न प्रेरणा मिल्ने उनको भनाइ थियो ।

कार्यवाहक महासचिव विजेश न्यौपानेले कोषको सेवा प्रभावकारी बनाउन कर्मचारीको भूमिका महत्वपूर्ण रहेको बताए । उनले कर्मचारीको योगदानलाई संस्थागत रूपमा सम्मान गर्दै सेवा प्रवाहमा थप सुधार गर्दै लैजानुपर्नेमा जोड दिए ।

कोषका कार्यालय प्रमुख ठानेश्वर बस्यालले कर्मचारीलाई गरिएको सम्मानले कार्यसम्पादनमा थप उत्साह बढ्ने बताए । उनले कोषमा आबद्ध सदस्यलाई प्रभावकारी सेवा उपलब्ध गराउन कर्मचारीले जिम्मेवारीपूर्वक काम गर्दै आएको उल्लेख गरे ।

कार्यक्रममा तीजको सांस्कृतिक कार्यक्रमसमेत गरिएको थियो । कोषले कर्मचारीको योगदानको कदर गर्दै उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्मान गरेको जनाएको छ

## हकदाबी सम्बन्धी ३५ दिने सूचना

लुम्विनी प्रदेश, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, सुनवल नगरपालिका वडा नं.०६ बस्ने रवि लाल तिमिल्सीनाको नाति, खिल प्रसाद तिमिल्सीनाको छोरा द्रोण प्रसाद तिमिल्सीनाले हिमालयन बैंकको सुनवल शाखामा बचत खाता नं. ३०६२२७४१७३००१७ खोली कारोवार गर्दै आउनु भएकोमा खाता संचालक द्रोण प्रसाद तिमिल्सीनाको मिति २०८३।०४।१५ मा मृत्यु भएको र खातामा इच्छाएको व्यक्ति नभएकोले, खातामा रहेको रकम पाउँ भनी मृतकको पत्नी खेम कुमारी तिमिल्सीनाले आवश्यक कागजात संलग्न गरी बैंक समक्ष निवेदन दिनु भएकोले उक्त रकम उपर अन्य कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd.

सुनवल शाखा, सुनवल, नवलपरासी
सम्पर्क नं. ०७८-५७०५७०

## जिल्ला प्रशासन कार्यालय, रूपन्देही

### विषयः प्रमाणित सम्बन्धमा

श्री जो जससंग सम्बन्ध छ ।



जिल्ला रुपन्देही तिलोत्तमा नगरपालिका वडा नं. ०९ बस्ने भारतीय भु.पु. सैनिक नं. ५०४१७७८H HAV 2nd 1st GR का पेन्सनर मन बहादुर गाहाले आफ्नो पत्नी ठगिमाया गाहाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर ठगिमाया गाहा जन्ममिति वि.सं. २०२८/१०/१७ उल्लेख भएको र आफ्नो पतिको भारतीय पेन्सन रेकर्डमा पत्नीको नामथर ठगिमाया जन्ममिति ई.सं. १९७०/०२/१५ उल्लेख भई नामथर र जन्ममिति फरक परेतापनि व्यक्ति एकै भएको व्यहोरा प्रमाणित गरीपाउ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित तिलोत्तमा नगरपालिका ०९ नं. वडा कार्यालयको च.नं. ४२३, मिति २०८३/०५/०४ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

## जनता माध्यमिक विद्यालय देवगाउँ

रामग्राम न.पा. - १७, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

मितिः २०८३।०५।०८

उपर्युक्त विषयमा यस जनता माध्यमिक विद्यालय देवगाउँ रामग्राम- १७, नवलपरासीमा मा.वि. नगर अनुदान कोटा रिक्त रहन गएको नेपाली विषयको शिक्षक पदपूर्तिको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०५।०८ गतेको निर्णय र रामग्राम नगरपालिकाको च.नं. २८४ मिति २०८३।०५।०८ गते प्राप्त भएको नेपाली विषयको अनुमति पत्रअनुसार तपसिलको योग्यता पुगेक इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

१. विज्ञापन नंः ०१।२०८३।०८४
२. पदसंख्या :- १
३ किसिम :- मा.वि. नगर अनुदान
४. विषय :- नेपाली
५. शौक्षिक योग्यता :- नेपाली मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको
६. आवेदनको साथ पेस गर्नुपर्ने कागजातहरु :
   - शौक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु
   - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु
   - स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
   - हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
७. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यकताअनुसार प्रयोगात्मकसमेत
८. परीक्षाको विषयवस्तु : शिक्षक सेवा आयोगको पाठ्क्रम अनुसार
९. उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१०. तलब स्केलः रामग्राम नगरपालिकाले तोकेबमोजिम
११. परीक्षा दस्तुर रु १,५००।- (अक्षरेपी रु एक हजार पाँच सय मात्र )
१२. दरखास्त पेस गर्ने अन्तिम मिति २०८३।०५।२२ गते सोमबार
१३. दरखास्त दिने स्थान जनता माध्यमिक विद्यालय देवगाउँ, रामग्राम नगरपालिका वडा नं. १७
१४. सम्पर्क मिति : २०८३ । ०५ । २४ गते बुधबार विद्यालय समयभित्र ।
१५. परीक्षाको मिति सम्पर्क मितिमा तोकिने छ ।
१६. सम्पर्क नम्बर : ९७६६७१४६३१, ९८६७२२४४०९, ९८०६९५९८३९
१७. आवेदन फारम विद्यायलबाट उपलब्ध गराईनेछ ।

**जय प्रकाश यादव**
**प्रधानाध्यापक**

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# बुटवलसहित तीन मेडिकल कलेजको काम अघि बढाऊ : सांसद मल्ल



बुटवल । नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेश कुमार मल्लले एक प्रदेश, एक सरकारी मेडिकल कलेज स्थापना गर्ने नीतिअन्तर्गत अघि बढाइएका मेडिकल कलेजका सम्बन्धमा सरकारको ध्यानाकर्षण गरेका छन् ।

प्रतिनिधिसभामा बोल्दै उनले बर्दिवास, बुटवल र सुर्खेत मेडिकल कलेजका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराएका हुन् ।

आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यमै बर्दिवास, बुटवल र सुर्खेतमा मेडिकल कलेज स्थापना गर्ने राज्यको नीति तथा कार्यक्रम घोषणा गरिएको थियो । त्यसपछि यी आयोजना अगाडि बढाउने क्रममा राज्यले वर्षौं लगानी गरिसकेको मल्लले बताए ।

बर्दिवासको मेडिकल कलेज आयोजना कार्यालयको रिपोर्ट अनुसार २०७३/०३/२७ मा प्रारम्भिक कार्यसमिति गठन र जग्गा पहिचान, आयोजना कार्यालय स्थापना, राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकताको आयोजनाका रूपमा सिफारिस, आयोजना बैंकमा समावेश गर्ने, इआइए तथा डीपीआर स्वीकृतलगायतका महत्वपूर्ण काम सम्पन्न भएका छन् ।

वातावरणीय विषयमा सर्वोच्च अदालतमा रिट परेपछि आयोजना लामो समय प्रभावित भएको पनि मल्लले जनाए । तर २०८० जेठ २९ मा सर्वोच्च अदालतबाट रिट खारेज भई निर्देशनात्मक आदेश आएपछि वृक्षारोपण, वन क्षेत्रको सट्टाभर्ना तथा वन विकास कोषमा रकम जम्मा गर्ने प्रक्रियासमेत अघि बढिसकेको छ ।

यो आर्थिक वर्ष २०८३/०८४ को बजेटमा नेपाल सरकारले बर्दिवास र बुटवल मेडिकल कलेजका लागि २५/२५ करोडसहित सुर्खेत मेडिकल कलेजका लागि पनि बजेट विनियोजन गरिएको छ । 'तर आश्चर्यजनक यो छ कि एकातिर बजेट विनियोजन गर्ने, अर्कोतिर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तीनवटै मेडिकल कलेज पूर्वाधार विकास आयोजनाका कार्यालय बन्द गर्ने, सम्पत्ति, दायित्व र मेसिन-औजार व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाउनु अत्यन्त गम्भीर र आपत्तिजनक छ ।'- मल्लले भने ।

उनले प्रश्न गरेका छन्-'बजेटमा आयोजना राख्ने, करोडौँ रुपैयाँ खर्च गर्ने, वर्षौंसम्म पूर्वाधार तयार गर्ने अनि आयोजना कार्यालय नै बन्द गर्ने यो कस्तो नीति हो ?' उनले सरकारलाई भनेका छन्-'कार्यालयको संरचना पुनर्गठन होला, व्यवस्थापनको ढाँचा परिवर्तन होला तर मेडिकल कलेज स्थापना गर्ने राज्यको नीति र राष्ट्रिय प्रतिबद्धता खारेज गर्न मिल्दैन ।'

पूर्व-पश्चिम राजमार्ग र बीपी राजमार्गको महत्वपूर्ण बिन्दुमा रहेको बर्दिवास मधेस र पहाडलाई जोड्ने रणनीतिक स्थानमा छ । त्यसैगरी बुटवल पश्चिम नेपालको प्रमुख राजनैतिक, आर्थिक, व्यावसायिक एवम् जनस्वास्थ्य केन्द्र हो भने सुर्खेत कर्णाली प्रदेशको प्रादेशिक मुकाम एवम् यो क्षेत्रको विशेषज्ञ स्वास्थ्य सेवाको केन्द्र हो ।

त्यसैले यी तीनवटै आयोजना कुनै व्यक्ति, दल वा सरकार विशेषका आयोजना नभएको र यी राज्यका आयोजना भएको उनले बताए । 'सरकारसँग मेरो जोडदार माग छ, बर्दिवास, बुटवल र सुर्खेत तीनवटै मेडिकल कलेजका आयोजना कार्यालय बन्द गर्ने प्रक्रिया तत्काल रोकियोस्' उनले भनेका छन्-'निर्णय पुनरावलोकन गरियोस् । बजेटमा विनियोजित रकम थप गरि कार्यान्वयन गरियोस् र निर्माणको काम तत्काल अघि बढाइयोस् ।' सरकार फेरिँदैमा राष्ट्रिय प्राथमिकता फेरिन नहुने उनको आग्रह छ ।

'करोडौँ रुपैयाँ खर्च गरेर, वर्षौं लगाएर र कानुनी प्रक्रिया पार गरेर तयार भएको आयोजनालाई फेरि शून्यमा फर्काउनु जनताको अपमान त हुँदै हो, राज्यको स्रोत र समय दुवैको अपमान हो, अनियमितता हो र बेथिति हो,' उनले भनेका छन्-'मेरो हार्दिक आग्रह छ, तीनवटै मेडिकल कलेज निर्माणको राष्ट्रिय प्रतिबद्धता कायम गरियोस् र कार्यालय बन्द गर्ने होइन, निर्माण सुरु गरियोस् ।'

# अकबरे खुर्सानी खेतीको प्रवर्द्धन गर्दै भीरकोट



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाको भीरकोट नगरपालिकाले स्थानीय कृषकको आयआर्जन वृद्धि गर्ने उद्देश्यले अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । स्वादसँगै स्वास्थ्यका दृष्टिले समेत महत्वपूर्ण मानिएको अकबरे खुर्सानीको व्यावसायिक उत्पादन र उत्पादकत्व विस्तार गर्न नगरपालिकाले कृषकलाई अनुदान, प्राविधिक सहयोग, तालिम, बीउ तथा मलखाद उपलब्ध गराउँदै आएको छ ।

स्थानीयस्तरमा अकबरे खुर्सानी अर्थात् डल्ले खुर्सानीको उत्पादन बढाएर कृषकलाई नगदे बालीतर्फ आकर्षित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाका प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए । गत आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा नगरपालिकाले हेफर परियोजनासँग सहकार्य गर्दै कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्मलाई आवश्यक सहयोग दिएर खुर्सानी खेती विस्तार र प्रवर्द्धन गरेको हो ।

प्राविधिक मूल्यांकनका आधारमा समूह, सहकारी तथा फार्म छनोट गरी नगरपालिकाका नौवटै वडामा कार्यक्रम सञ्चालन गरिएको छ । छनोटमा परेका कृषकलाई खेतीबारे प्राविधिक सहयोग तथा तालिमसँगै बिउबिजन, मलखाद र आवश्यक अनुदानसमेत उपलब्ध गराइएको छ । कार्यक्रमअन्तर्गत कृषकले उत्पादन गरेका खुर्सानी बजारमा समेत पठाउन थालिएको छ ।

पहिलो चरणमा झण्डै दुई क्विन्टल खुर्सानी बुटवल आसपासका विभिन्न शहरमा निर्यात गरिएको छ । कृषकले प्रतिकिलो दुई सय रुपैयाँका दरले खुर्सानीको मूल्य प्राप्त गरेका छन् । खुर्सानीको उत्पादन सुरु भएसँगै नगरपालिकाले कृषकबाट उत्पादित खुर्सानी संकलन गरी बजार पठाउने व्यवस्था मिलाएको छ । हप्ताको दुई पटक खुर्सानी संकलन गरी बाह्य बजारमा पठाउने गरिएको छ । उत्पादनपछि बजार पठाउँदासम्म कृषकले झेल्दै आएको समस्या समाधान भएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका सबै वडामा गरी झण्डै ५० रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी खेती गरिएको छ । हेफर परियोजना प्रमुख पिताम्बर बस्यालका अनुसार चालु सिजनमा तीन सय क्विन्टलभन्दा बढी खुर्सानी उत्पादन हुने अनुमान गरिएको छ । उत्पादन बढ्दै गएपछि बजार व्यवस्थापन र कृषकलाई उचित मूल्य दिलाउनेतर्फ समेत ध्यान दिइएको उनले बताए । पछिल्लो समय देशका विभिन्न शहर तथा बाह्य बजारमा अकबरे खुर्सानीको माग बढ्दै गएसँगै व्यावसायिक खेतीबाट कृषकले राम्रो आम्दानी लिन सक्ने नगरपालिकाले जनाएको छ ।

खुर्सानी खेतीका लागि ठूलो क्षेत्रफल आवश्यक नपर्ने हुँदा साना तथा सीमान्तकृत कृषकले व्यावसायिक रुपमा उत्पादन थालेका छन् । थोरै क्षेत्रफलमा समेत राम्रो उत्पादन लिन सकिने र बजारमा मूल्य स्थिर र उच्च रहेकाले कृषकलाई नियमित आम्दानीको आधार बन्न सहयोग पुग्ने विश्वास गरिएको छ । अकबरे खुर्सानीलाई कृषि आधुनिकीकरण र नगदे बाली प्रवर्द्धनसँग जोडेर नगरपालिकाले आवश्यक रणनीति बनाएको जनाइएको छ ।

सामान्य खुर्सानीको तुलनामा अकबरेको बजार र मूल्य राम्रो रहेको बताउँदै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्सालले कृषकका लागि आकर्षक आम्दानीको स्रोत बन्दै गएको सुनाए । आन्तरिक र बाहिरका बजारमा अकबरे खुर्सानीको माग बढ्दै गएको र मूल्यसमेत तुलनात्मक रूपमा राम्रो रहेकाले कृषकको जीवनस्तर सुधारमा सहयोग पुग्ने अपेक्षासहित कार्यक्रम अघि बढाइएको उनको भनाइ छ ।

अकबरे खुर्सानीको प्रयोग तरकारी, अचार तथा विभिन्न परिकारमा गरिन्छ । नेपाली खानाको स्वादमा यसको विशेष महत्व रहेको छ । बजारमा माग र मूल्य राम्रो भएकाले खुर्सानीको व्यावसायिक उत्पादनले कृषकलाई कृषि पेशामै टिकाइराख्न तथा वैकल्पिक आम्दानीको स्रोत सिर्जना गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

अकबरे खुर्सानी आर्थिक दृष्टिले मात्र नभई पोषणका हिसाबले महत्वपूर्ण रहेको हेफर परियोजनाका कृषि संयोजक अनिश अर्यालले बताए । उनका अनुसार अकबरे खुर्सानीमा भिटामिन 'सी', 'ए' र 'ई' लगायतका पोषक तत्व पाइन्छ । खुर्सानीमा पाइने क्याप्साइसिन नामक तत्वले शरीरमा विभिन्न स्वास्थ्य लाभ पुऱ्याउन सक्ने भएकाले अकबरे खुर्सानीलाई केवल स्वाद बढाउने मसला मात्र नभई पोषणका दृष्टिले पनि उपयोगी बालीका रूपमा लिन सकिने उनको बुझाइ छ ।

नगरपालिकाले खुर्सानी खेती विस्तारसँगै उत्पादनको गुणस्तर, रोग तथा कीरा व्यवस्थापन, मौसमजन्य जोखिम न्यूनीकरण र बजार सुनिश्चितता गर्नुपर्ने स्थानीय कृषकको माग रहेको छ । कृषकलाई प्राविधिक सेवा र बजारसँग जोड्न सके कार्यक्रम थप प्रभावकारी बन्ने नगरपालिकाले जनाएको छ । कृषि आधुनिकीकरण, स्थानीय उत्पादनको प्रवर्द्धन र आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई प्राथमिकतामा राखेको नगरपालिकाले आगामी दिनमा सम्भावित नगदे बालीको व्यावसायिक उत्पादन विस्तार गर्ने जनाएको छ ।

# 'शेयरबजारमा ६ खर्ब डुब्यो, अर्थमन्त्री चिट्ठा खेलाउन व्यस्त'



बुटवल । श्रम संस्कृति पार्टीकी सांसद अम्बिकादेवी संग्रौलाले पुँजी बजारमा ठूलो नोक्सानी हुँदा पनि अर्थमन्त्रीले वेवास्ता गरेको टिप्पणी गरेकी छिन् । सोमबार प्रतिनिधिसभाको बैठक बोल्दै संग्रौलाले सरकारले ल्याएको बजेटको असफलता आर्थिक वर्षको महिनाबाटै देखिन थालेको टिप्पणी गरेकी हुन् ।

सांसद संग्रौलाले भनिन्-'वर्तमान सरकार गठन भएपछि पुँजीबजारमा ६ खर्ब रुपैयाँ डुबेको छ । तर, यत्रो समस्या हुँदा पनि अर्थमन्त्रीज्यू चाहिँ चिट्ठा खेलाउनमा व्यस्त हुनुहुन्छ । अर्थतन्त्रको समस्या समाधान नगरी देश विकास हुन्छ र ?' सत्ता पक्षका सांसदहरुले अर्थमन्त्रीले ३६ देशलाई चिनेको भन्ने गरेको, तर अर्थमन्त्रीले भने आफ्नै देशलाई चिन्न नसकेको संग्रौलाको भनाइ छ । 'अर्थमन्त्रीले ३६ देशलाई चिनेको भनेर सत्तापक्षका माननीयज्यूहरूले भन्नुहुन्छ । तर, उहाँले ३६ देशलाई चिनेर आफ्नै देशलाई चिन्न सक्नुभएन । उहाँले ल्याएको बजेटको असफलता पहिलो महिना सकिँदा नै देखिन थाल्यो । किनभने नेपालको इतिहासमा कहिल्यै पनि अर्थतन्त्रमा यतिधेरै समस्या र कमजोरी देखिएको थिएन ।'- संग्रौलाले भनिन् ।

बैंकिङ प्रणालीमा प्रशस्त तरलता रहेको, ऋण लगानी नभएको र व्यवसायीहरुले सरकारप्रति अविश्वास प्रकट गरेको उनले बताएकी छन् ।

'बैंकिङ प्रणालीमा यतिधेरै तरलता हुँदा पनि किन कोही लगानी गर्न ऋण लिन चाहिरहेको छैन ? के व्यवसायीहरूलाई दुईतिहाइ बहुमतको सरकारको अर्थनीतिमा अविश्वास भएकै हो त ?' -संग्रौलाले प्रश्न गरिन् ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

**प्रमाणित गरिएको सम्बन्धमा**

**श्री जो जससँग सम्बन्धित छ ।**

मितिः २०८३/०५/०९

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सुनवल नगरपालिका वडा नं. ३ निवासी भारतीय सैनिक नं.JC-72386, 6/5 G.R., Rank Sub Hon Lt का टेक बहादुर गुरुङ (ना.प्र. नं. ७१५३, स्याङ्जा) को पत्नी मोती देवी गुरुङ्ग (ना.प्र.नं.६९७६, स्याङ्जा) को नेपाली नगारिकता प्रमाणपत्र र भारतीय पेन्सन पट्टामा निम्न बमोजिमको विवरण फरक परेता पनि व्यक्ति एउटै रहेको भनी सुनवल नगरपालिका, वडा नं.३ को कार्यालयको चलानी नं. १६५, मिति २०८३/०४/२५ गतेको सिफारिस पत्रानुसार भारतीय पेन्सन प्रयोजनार्थ मात्र प्रमाणित गरिन्छ ।

**निम्नः**

| क्र.सं. (नाता) | नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेख भएको विवरण | | भारतीय पेन्सन पट्टामा उल्लेख भएको विवरण | |
|---|---|---|---|---|
| | नाम, थर | जन्ममिति वि.सं/ (A.D.) | नाम, थर | जन्ममिति (A.D.) |
| १. | श्रीमती मोती देवी गुरुङ्ग | वि.सं. १९९५/०७/०४ | Moti Gurungseni | 06-04-1938 A.D. |



**प्रमुख जिल्ला अधिकारी**



**श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.**
सिद्धार्थनगर न.पा. - ७, भृकुटी पथ, भैरहवा, रुपन्देही

**१६ औ साधारण सभामा उपस्थिति सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति :२०८३/०५/०९ गते

**आदरणीय सदस्य महानुभावहरु**

यस संस्थाको मिति २०८३ भाद्र ६ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १६ औं वार्षिक साधारण सभा कार्यक्रम निम्न मिति, समय र स्थानमा सम्पन्न हुने व्यहोरा सहर्ष जानकारी गराउँदै सम्पूर्ण सदस्यज्यूहरुको अनिवार्य उपस्थितिको लागि सादर अनुरोध गर्दछौ ।

**कार्यक्रम :**

मिति : २०८३ आश्विन १० गते शनिबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : उद्योग वाणिज्य संघको सभाहल, सि. न. पा. १२, कालिकास्थान भैरहवा, रुपन्देही
सम्पर्क नं. ०७१-५७२६४४, ९८४७०३१६५६, ९८५७०१५३४३

**छलफलका विषयहरु :-**

१) संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन सम्बन्धमा ।
२) लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकद्वारा प्रस्तुत आ.व. २०८२ /०८३ को आन्तरिक लेखापरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन सम्बन्धमा ।
३) संस्थाको आ.व. २०८२/०८३ को बाह्य लेखापरीक्षकद्वारा अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४) संस्थाको आ.व. २०८३ / ०८४ को अनुमानित बजेट तथा वार्षिक कार्ययोजना सम्बन्धमा ।
५) आ.व.२०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) आ.व. २०८२/०८३ को शेयर लाभांश वितरण सम्बन्धमा ।
७) संस्थाको नीति, नियमावली र कार्यविधि जारी तथा संशोधन सम्बन्धमा ।
८) आ.व. २०८२ / ०८३ मा संचालक समितिबाट विभिन्न मितिमा भएका निणर्यहरु सम्बन्धमा ।
९) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
१०) संचालक समितिलाई आ.व. २०८३/०८४ का लागि आवश्यक अधिकार प्रत्यायोजन सम्बन्धमा ।
११) विविध ।






**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा**
**डिजाइनका साथै सम्पूर्ण छपाईको लागि**
**सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया**
**डिजाइनर्स/**
**अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com